बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

# प्रतिबद्धता

वित्तीय प्रणालीको अभिन्न अंगको रुपमा रहेको बीमा व्यवसायको महत्व दिन प्रतिदिन बढ्दो छ। मानव जीवनमा आइपर्ने जोखिमको मात्रा र किसिम पनि परिवर्तन हुदै आएको स्थितिमा मानव जीवन र सम्पत्तिको आर्थिक सुरक्षा गर्ने माध्यमको रुपमा रहेको बीमा व्यवसायलाई समयानुकुल परिर्वतन गर्दै जानु आजको आवश्यकता रहेको छ। हाल विश्वलाई त्रसित बनाएको कोरोना महामारीका कारण मानव अस्थित्वमा नै संकट उत्पन्न हुनुका साथै विश्व अर्थतन्त्र नै संकुचन हुने स्थिति सृजना भएको छ। यस संकटको घडीमा जोखिमको रक्षावरण गरी आर्थिक सबलिकरण गर्ने कार्यमा बीमा क्षेत्रले अझ बढी कार्य गर्नुपर्ने देखिन्छ। बीमाको महत्व र आवश्यकता समाजका न्यून आय भएका र विपन्न वर्गका मानिसहरुलाई अझ बढी हुने परिस्थितिलाई मध्यनजर गरी समितिको विशेष पहलमा सबै निर्जीवन बीमा कम्पनी र नेपाल पुनर्बीमा कम्पनीको बीमा पुल मार्फत कोरोना बीमालेख जारी गर्न सफल भएकोमा अत्यन्त खुसी लागेको छ। अत्यन्त छोटो अवधिमा पनि यो बीमालेख बिक्रीमा देखिएको प्रगतिले यसको महत्वलाई अझ बढी प्रष्ट गरेको देखिन्छ। यस बीमालेख वितरण कार्यमा संलग्न हुने सबै सरोकारवाला पक्षलाई धन्यवाद व्यक्त गर्दै धेरै भन्दा धेरै व्यक्तिहरुलाई संलग्न गर्न अपिल समेत गर्दछु।

समितिले आफ्नो स्थापनाको ५१ औं वर्ष पुरा गरी ५२ औं वर्षमा प्रवेश गरेसँगै बीमा क्षेत्रको विकास तथा विस्तारको क्रम पनि निरन्तर रुपले अघि बढेको छ। समितिले गरेको विभिन्न नीतिगत तथा कानुनी सुधारका कारण यो वर्ष नेपाली बीमा बजारको विकास र आधुनिकिकरणका लागि महत्वपूर्ण वर्षको रुपमा रहन गएको छ। बीमा क्षेत्रका सबै सरोकारवालाहरुको अथक प्रयास स्वरुप हाल वैदेशिक रोजगार म्यादी बीमा समेत गणना गर्दा करिब २७ प्रतिशत नागरिकमा बीमा पहुँच पुगेको छ। आगामी दिनमा पनि आवश्यक नीति निर्माण र समय सापेक्ष नीतिगत तथा प्रकृयागत सुधारको क्रम जारी राख्दै बीमाको पहुँच वृद्धि र जोखिममा आधारित पूँजी संरचना तथा जोखिममा आधारित सुपरीवेक्षण कार्य संचालन गरी सुशासन कायम गर्ने कार्यमा समिति तत्पर रहने प्रण गर्दछु।

अन्त्यमा, बीमा समितिले आफ्नो स्थापनाको ५२ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बीमा समिति परिवार, बीमकहरु, बीमा मध्यस्थकर्ताहरु, बीमाका उपभोक्ताहरु तथा सरोकारवाला सबैलाई शुभकामना व्यक्त गर्न चाहन्छु। समग्र विश्व तथा नेपालमा समेत आईपरेको यस संकटको घडीमा बीमाले केही हदसम्म भएपनि राहत प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछु। साथै, बीमालाई मानव जीवनको असल साथीको रुपमा बुझिदिनु हुन सबैमा अनुरोध गर्दै बीमा व्यवसायको विस्तारमा नेपाल सरकार, बीमा कम्पनीहरु लगायत सबै सरोकारवालाहरुको विगतमा जस्तै सहयोगको अपेक्षा गर्दछु।

जेठ १, २०७७

चिरञ्जीवी चापागाँई
अध्यक्ष

पो. ब. नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल । फोन नं.: ०१-५५२१०७९, ५५३८७४३ । फ्याक्स : ०१-५५२०११९ । टोल फ्रि नं. : १६६०-०१-५६७८९
P.O. Box No.:2172, Lalitpur-10, Kupandole, Nepal I Phone : +977-1-5521079,5538743 I Fax: +977-1-5520119 I Toll Free No.: 1660-01-56789
E-mail: info@nib.gov.np I Website: www.nib.gov.np